apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्ष: १२ ● अंक: २८९ ● पृष्ठ: ४ ● १७ कार्तिक २०८३ मंगलबार (03 November 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

सूचना

शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।

आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर

०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

सिरहा भन्सारमा तीन महिनामा ४ करोड ३३ लाख ५१ हजार राजस्व असुली

असोजमा लक्ष्यभन्दा ३५ प्रतिशत बढी राजस्व संकलन



अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १६ गते

सिरहा भन्सार कार्यालय, माडरले चालु आर्थिक वर्ष २०८३/०८४ को पहिलो तीन महिनामा ४ करोड ३३ लाख ५१ हजार रुपैयाँ राजस्व संकलन गरेको छ। कार्यालयको मासिक विवरणअनुसार साउन, भदौ र असोजमा गरी उक्त रकम राजस्व असुली भएको हो।

कार्यालयले असोज महिनामा लक्ष्यभन्दा बढी राजस्व संकलन गरेको छ। असोजका लागि १ करोड ७३ लाख ५७ हजार रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखिएकामा २ करोड ३४ लाख ३४ हजार रुपैयाँ असुली भएको छ। यो मासिक लक्ष्यको तुलनामा करिब १३५ प्रतिशत अर्थात् लक्ष्यभन्दा करिब ३५ प्रतिशत बढी हो।

त्यस्तै, साउन महिनामा १ करोड ३५ लाख रुपैयाँ लक्ष्य राखिएकामा ६१ लाख ६५ हजार रुपैयाँ राजस्व असुली भएको थियो। यो लक्ष्यको ४६ प्रतिशत हो। भदौमा १ करोड ४५ लाख रुपैयाँको लक्ष्य रहेकामा १ करोड ३७ लाख ५२ हजार रुपैयाँ असुली भएको थियो। यो लक्ष्यको ८९ प्रतिशत हो।

तीन महिनाको विवरण हेर्दा साउन र भदौमा लक्ष्यभन्दा कम राजस्व संकलन भएको भए पनि असोजमा लक्ष्यभन्दा बढी असुली भएपछि समग्र राजस्व संकलनमा सुधार देखिएको छ।

यसअघि आर्थिक वर्ष २०८२/०८३ मा कार्यालयले १८ करोड ६ लाख ३४ हजार रुपैयाँ राजस्व संकलनको लक्ष्य राखेकामा १४ करोड ९४ लाख ४६ हजार रुपैयाँ असुली गरेको थियो। उक्त आर्थिक वर्षमा लक्ष्यको ८३ प्रतिशत राजस्व संकलन भएको थियो। त्यसैगरी, आर्थिक वर्ष २०८१/०८२ मा लक्ष्यको तुलनामा १२२ प्रतिशत राजस्व असुली भएको थियो।

सिरहा भन्सार कार्यालय, माडरका सूचना अधिकारी एवं भन्सार अधिकृत विमल श्रेष्ठका अनुसार यस भन्सार नाकाबाट भारतबाट खाद्यान्न, मोटर पार्ट्स, नन-एस्बेस्टस सिट, टायल्स, मार्बललगायतका वस्तु नेपाल भित्रिने गरेका छन्।

सीमावर्ती क्षेत्रको व्यापारिक गतिविधि, आयात हुने वस्तुको परिमाण तथा कारोबारको अवस्थाले भन्सार राजस्व संकलनमा प्रभाव पार्ने गरेको छ।

बुद्ध एयरको जहाजको टायर पञ्चर, राजविराजमा यात्रु अलपत्र



अपन दैनिक संवाददाता
राजविराज, कार्तिक १६ गते

बुद्ध एयरको जहाजको टायर पञ्चर भएपछि सोमबार राजविराज विमानस्थलबाट काठमाडौं जाने यात्रु घण्टौंसम्म अलपत्र परेका छन्। निर्धारित समयभन्दा साढे तीन घण्टा ढिलो राजविराज पुगेको जहाज अवतरणपछि टायर पञ्चर हुँदा यात्रु थप समस्यामा परेका हुन्।

सोमबार दिउँसो २ बजे राजविराज आइपुग्नुपर्ने जहाज काठमाडौं विमानस्थलको हवाई चाप र प्रतिकूल मौसमका कारण साँझ ५:३० बजे मात्रै राजविराज पुगेको थियो। यात्रु ओरालिसकेपछि जहाजको टायर पञ्चर भएको जानकारी दिइएपछि काठमाडौं जान प्रतीक्षारत यात्रु अन्योलमा परेका थिए।

उडान अनिश्चित भएपछि यात्रुहरूले आफ्नो व्यक्तिगत तथा व्यावसायिक काम प्रभावित भएको भन्दै असन्तुष्टि जनाएका छन्। केही यात्रुको विदेश जाने अन्तर्राष्ट्रिय उडानको टिकट रहेकाले समयमै काठमाडौं पुग्न नसके ठूलो आर्थिक क्षति बेहोर्नुपर्ने अवस्था आएको उनीहरूको गुनासो छ।

एक यात्रुले राति १० बजे विदेश जाने अन्तर्राष्ट्रिय उडानको टिकट रहेको बताउँदै निर्धारित समयमा काठमाडौं पुग्न नसके हुने क्षतिको जिम्मेवारी कसले लिने भन्दै प्रश्न गरेका छन्। त्यस्तै, भोलिपल्टदेखि परीक्षा रहेकी एक छात्राले उडान ढिलाइका कारण परीक्षा प्रभावित हुने चिन्ता व्यक्त गरेकी छन्।

दिउँसो १ बजेदेखि नै विमानस्थल पुगेका यात्रु साँझसम्म उडानको

बाँकी पृष्ठ ४ ▸▸

नेपाल रेल्वे बोर्डद्वारा रेल चालकको दरखास्त आह्वान


नेपाल सरकार
नेपाल रेल्वे बोर्ड
विशालनगर, काठमाडौं
रेल चालक (Locopilot) सम्बन्धी सूचना
मिति : २०८३।०७।१६
नेपालमा रेल सेवा सञ्चालनका लागि नेपाली रेल चालक (Locopilot) सूचीकृत गरी रेल सेवा सञ्चालनका लागि नेपाल रेल्वे बोर्डलाई दक्ष, योग्य, इमान्दार तथा जिम्मेवार रेल चालक (Locopilot) आवश्यक परेको हुँदा तपसिल बमोजिमका इच्छुक नेपाली नागरिकहरूबाट सूचीकृत हुनका लागि ३५ दिनभित्र दरखास्त पेस गर्नुहुन आह्वान गरिन्छ।
पद : रेल चालक (Locopilot)
आवश्यक कागजातहरू:
१. नेपाली नागरिकताको प्रतिलिपि।
२. शैक्षिक योग्यताको प्रमाणपत्र।
३. मान्यता प्राप्त संस्थाबाट जारी भएको रेल चालकको लाइसेन्सको प्रतिलिपि।
४. अनुभव तथा तालिमको प्रमाणपत्र।
दरखास्त दिने अन्तिम मिति : २०८३।०८।२१
दरखास्त दिने स्थान : नेपाल रेल्वे बोर्डको केन्द्रीय कार्यालय।
थप जानकारीका लागि नेपाल रेल्वे बोर्डको कार्यालयमा सम्पर्क गर्नुहोला।
- रेल्वे प्रशासक

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १६ गते

नेपाल सरकारअन्तर्गतको नेपाल रेल्वे बोर्डले रेल चालक (लोकोपाइलट) पदका लागि दरखास्त आह्वान गरेको छ।


बोर्डको कार्यालयले सोमबार एक सूचना जारी गर्दै आवेदन माग गरेको हो। इच्छुक नेपाली नागरिकले आगामी मङ्सिर २१ गतेभित्र आफ्नो दरखास्त पेस गर्नुपर्नेछ।

नेपालमा रेल सेवा सञ्चालन गर्न नेपाली चालकलाई नै सूचीकृत गर्ने उद्देश्यले यो सूचना निकालिएको बोर्डले जनाएको छ। सूचनामा नेपालमा रेल सेवा सञ्चालनका लागि नेपाली रेल चालक सूचीकृत गरी सेवा सञ्चालन गर्न लागिएको उल्लेख छ।

यसैगरी संस्थाले 'यसका लागि दक्ष, योग्य, इमानदार तथा जिम्मेवार रेल चालक आवश्यक परेको' स्पष्ट पारेको

बाँकी पृष्ठ ३ ▸▸

भूमि प्रशासनसम्बन्धी सेवा एक महिनाभित्रै सबै स्थानीय तहबाट हुनेछ- प्रधानमन्त्री



अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १६ गते

प्रधानमन्त्री बालेन शाहले भूमि प्रशासनसम्बन्धी सेवा एक महिनाभित्र सबै स्थानीय तहबाट प्रवाह हुने बताएका छन्।

सामाजिक सञ्जाल फेसबुकमार्फत सोमबार उनले हाल ३३ वटा स्थानीय तहबाटै सञ्चालन भइरहेको भूमि प्रशासनसम्बन्धी सेवा सबै स्थानीय तहमा पुऱ्याइने बताए।

सरकारले आफ्नो शासकीय सुधारसम्बन्धी १०० कार्य सूचीमा भूमि प्रशासनसम्बन्धी सेवा स्थानीय तहबाटै प्रवाह गर्ने उल्लेख गरेको थियो।

'सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मूल मर्म भनेकै राज्य र नागरिकबीचको दूरी घटाउनु हो। राज्यका सेवा सुविधा पाउन टाढाका कार्यालयहरूसम्म सहजरूपमा पुग्नु नभई आवश्यक कार्यालय र तिनका सेवाहरू नागरिकसँग पुग्नु यसको अन्तिम लक्ष्य हो,' उनले भने।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ ले गरेका व्यवस्थाबमोजिम भूमि प्रशासनका सेवा स्थानीय तहमा हस्तान्तरण गर्ने प्रक्रिया अघि बढाइएको उनको भनाइ छ।

प्रधानमन्त्री शाहले यस प्रक्रियालाई थप गति दिँदै बाँकी रहेका सम्पूर्ण स्थानीय तहहरुबाट समेत आगामी एक महिनाभित्र भूमि प्रशासनसम्बन्धी सेवा अनिवार्य रुपमा सञ्चालन गर्ने गरी व्यवस्था मिलाउने निर्णय गरिएको बताए।

उक्त कार्यमा स्थानीय तहलाई आवश्यक पर्ने सम्पूर्ण सहयोग उपलब्ध गराउन नेपाल सरकार प्रतिबद्ध रहेको उनको भनाइ छ।

'नेपाल सरकारको यस पहलबाट स्थानीय तहले भूमि प्रशासनसम्बन्धी आफ्नो संवैधानिक तथा कानुनी

बाँकी पृष्ठ ४ ▸▸

मधेश सरकार गठनबारे दलहरूबीच संवाद भइरहेको छः प्रचण्ड



अपन दैनिक संवाददाता
महोत्तरी, कार्तिक १६ गते

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले मधेश प्रदेश सरकार गठनबारे दलहरूबीच सघन संवाद भइरहेको बताएका छन्।

पार्टीको राष्ट्रिय जागरण अभियानअन्तर्गत मधेश प्रदेशस्तरीय अभिमुखीकरणका लागि बर्दिबास आएका संयोजक दाहालले सोमबार

बाँकी पृष्ठ ३ ▸▸





प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

कमला पुलको आशा

सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीमा निर्माणाधीन पक्की पुल १५ वर्षपछि बल्ल निर्माणको गतिमा अघि बढ्न थालेको छ । हुलाकी राजमार्गअन्तर्गत ४६९ मिटर लामो यो पुल निर्माण सम्पन्न भएपछि सिरहा-धनुषाको आवागमन सहज हुने मात्रै होइन, सप्तरीको राजविराज र सिरहा सदरमुकामबाट मधेश प्रदेशको राजधानी जनकपुरधाम पुग्नुपर्ने यात्रुहरूको लामो दूरीको बाध्यतासमेत अन्त्य हुनेछ । त्यसैले कमला पुलको निर्माणले यस क्षेत्रका नागरिकमा नयाँ आशा जगाएको छ । तर, यो आशासँगै आखिर एउटा पुल निर्माण गर्न १५ वर्ष किन लाग्यो भन्ने प्रश्न गम्भीर छ । सामान्यतया निश्चित समयभित्र सम्पन्न हुनुपर्ने पूर्वाधार आयोजना डेढ दशकसम्म अलपत्र रहनु विकास व्यवस्थापनको गम्भीर कमजोरी हो । कमला पुल निर्माणमा भएको ढिलाइले निर्माण कम्पनीको कार्यक्षमता र सरकारी निकायको अनुगमन तथा जवाफदेहितामाथि प्रश्न उठाएको छ । निर्माण व्यवसायीको लापरबाही होस् वा सरकारी निकायको उदासीनता, त्यसको प्रत्यक्ष मार नागरिकले खेप्नुपरेको छ । पुल नबन्दा सिरहा र धनुषाका नागरिकले वर्षौंदेखि सास्ती भोग्दै आएका छन् । विशेषगरी सप्तरीको राजविराज र सिरहा सदरमुकामबाट जनकपुरधाम पुग्न लामो दूरीको यात्रा गर्नुपर्ने बाध्यता छ । यसले यात्रुको समय र खर्च मात्रै बढाएको छैन, व्यापार, व्यवसाय, स्वास्थ्य सेवा, शिक्षा तथा अन्य आर्थिक गतिविधिमा समेत असर पारेको छ । बिरामी बोकेका एम्बुलेन्सदेखि दैनिक आवतजावत गर्ने सर्वसाधारणसम्मले यसको मूल्य चुकाउनुपरेको छ ।

कमला नदीमा पुल निर्माण हुनु भौतिक संरचना थपिनु मात्रै होइन । यो मधेश प्रदेशका दुई जिल्लाबीचको सम्बन्ध, आर्थिक गतिविधि र क्षेत्रीय विकासलाई जोड्ने महत्त्वपूर्ण आधार हो । पुल सञ्चालनमा आएपछि सिरहा, सप्तरी र धनुषाबीचको आवागमन सहज हुनेछ । जनकपुरधामसँगको दूरी र यात्रामा लाग्ने समय घट्नेछ । स्थानीय उत्पादनको बजार पहुँच विस्तार हुनुका साथै व्यापारिक तथा सामाजिक सम्बन्ध थप सुदृढ हुने अपेक्षा गर्न सकिन्छ । यस अर्थमा कमला पुलको निर्माणलाई कुनै एउटा निर्वाचन क्षेत्र वा जिल्लाको योजनाका रूपमा मात्रै हेर्न मिल्दैन । यो समग्र मधेश प्रदेशको यातायात सञ्जाल र विकाससँग जोडिएको आयोजना हो । ढिलै भए पनि अहिले पुल निर्माणमा सक्रियता देखिनु सकारात्मक पक्ष हो । तर, निर्माण कार्यले गति लिनु मात्रै पर्याप्त छैन् । अब निर्माणको गुणस्तर, निर्धारित समयसीमा र सञ्चालनको सुनिश्चितता पनि उत्तिकै महत्त्वपूर्ण छन् । विगतमा पटक-पटक निरीक्षण, निर्देशन र समयसीमा घोषणाका बाबजुद कामले राम्रो गति लिन नसकेको अनुभव नागरिकसँग छ । त्यसैले यसपटक पनि आश्वासनमै सीमित हुने छुट सम्बन्धित निकायलाई छैन् । सरकारले निर्माण कार्यको नियमित अनुगमन गर्नुपर्छ । निर्माण कम्पनीलाई स्पष्ट समयसीमा र जिम्मेवारी तोक्नुपर्छ । काममा ढिलाइ हुनुका कारण सार्वजनिक गर्दै जिम्मेवार पक्षलाई जवाफदेही बनाउनुपर्छ । त्यस्तै, पुल निर्माणका क्रममा प्राविधिक मापदण्ड र गुणस्तरमा कुनै सम्झौता हुनुहुँदैन् । हतारमा निर्माण सम्पन्न गर्ने नाममा कमजोर संरचना तयार पार्नु अर्को ठूलो जोखिम हुनेछ । अर्कोतर्फ, पुल निर्माण सम्पन्न भएपछि पहुँच मार्ग, सडकको अवस्था र आवश्यक अन्य संरचनाको व्यवस्थापनमा पनि ध्यान दिनुपर्छ । पुल बनेर मात्रै हुँदैन, दुवैतर्फको सडक सहज र सुरक्षित नभएसम्म त्यसको पूर्ण उपयोग सम्भव हुँदैन् ।

कमला पुलले १५ वर्षसम्म विकास निर्माणमा हुने ढिलासुस्तीको पीडा बोकेको छ । यसले राज्यको प्राथमिकता, सार्वजनिक खर्चको प्रभावकारिता र नागरिकप्रतिको जवाफदेहितामाथि पनि प्रश्न उठाएको छ । विकासका आयोजना घोषणा गर्ने, बजेट विनियोजन गर्ने र शिलान्यास गर्नेभन्दा महत्त्वपूर्ण पक्ष समयमै निर्माण सम्पन्न गरी नागरिकलाई सेवा उपलब्ध गराउनु हो । अब कमला पुल निर्माणको सक्रियता कुनै राजनीतिक दल वा व्यक्तिको उपलब्धिका रूपमा प्रचार गर्नेभन्दा पनि नागरिकको लामो प्रतीक्षाको अन्त्य गर्ने अवसरका रूपमा लिनुपर्छ । १५ वर्षसम्म प्रतीक्षामा रहेका नागरिकलाई थप आश्वासन होइन, परिणाम चाहिएको छ । कमला पुल १५ वर्षअघि नै बनिसक्नुपर्ने आयोजना थियो । अब कम्तीमा पनि थप ढिलाइ नगरी यसको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउनु राज्य र सम्बन्धित निर्माण कम्पनीको अनिवार्य दायित्व हो । नागरिकले पुलको निर्माण प्रगति होइन, पुलबाट सुरक्षित र सहज आवागमनको सुविधा खोजिरहेका छन् । त्यसैले पुलको काममा थप तिव्रता ल्याउने गरि काम गर्ने निर्माण कम्पनी अघि बढ्नु पर्छ ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

मधेशमा सत्ता संघर्ष

नयाँ समीकरणको कसरतसँगै नेतृत्व विवाद चर्किँदा दलभित्रै सत्ताकेन्द्रित राजनीतिविरुद्ध असन्तुष्टि बढेको छ ।

✍ **वीरेन्द्र रमण**



नेकपा एमालेले नेपाली कांग्रेस नेतृत्वको मधेश प्रदेश सरकारबाट समर्थन फिर्ता लिएपछि प्रदेशको राजनीति फेरि सरकार गठन र सत्ता समीकरणको विवादमा केन्द्रित भएको छ । नयाँ सरकार निर्माणका लागि जनता समाजवादी पार्टी नेपाल, नेकपा एमाले र जनमत पार्टीबीच छलफल चलिरहेको छ ।

नेपाली कम्युनिष्ट पार्टीसँग पनि विभिन्न तहमा संवाद भइरहेको छ । तर सरकारको नेतृत्व कसले गर्ने, कुन दलले कति मन्त्रालय पाउने र सत्ता साझेदारीको आधार के हुने भन्ने विषयमा सहमति जुट्न सकेको छैन । प्रदेशसभामा बहुमत जुटाउन सक्ने सम्भावित गठबन्धन तयार भए पनि नेतृत्वको प्रतिस्पर्धाले राजनीतिक निकासलाई जटिल बनाएको छ ।

एकातिर मुख्यमन्त्री कृष्णप्रसाद यादव विश्वासको मत लिने तयारीमा छन् भने अर्कोतिर विपक्षी दलहरू नयाँ सरकार गठनको विकल्प खोजिरहेका छन् । प्रदेशसभाको अंकगणितले नयाँ गठबन्धन बन्ने सम्भावना देखाए पनि दलहरूबीचको अविश्वास र केन्द्रीय नेतृत्वको निर्णय पर्खिने प्रवृत्तिले प्रक्रिया लम्बिएको छ । सरकार गठनको विषयमा दलहरूका संसदीय दलका नेता र केन्द्रीय नेताहरूबीच पटकपटक छलफल भए पनि ठोस सहमति हुन सकेको छैन ।

सरकार परिवर्तनको यही कसरतप्रति दलभित्रै असन्तुष्टि बढ्न थालेको छ । विशेषगरी युवा नेताहरूले प्रदेशको विकास, सुशासन, रोजगारी र जनताका आधारभूत समस्यालाई प्राथमिकता दिनुपर्ने समयमा राजनीतिक नेतृत्व सरकार बनाउने र गिराउने खेलमा अल्झिएको आरोप लगाएका छन् । सत्ता प्राप्तिको प्रतिस्पर्धाले दलहरूको राजनीतिक विश्वसनीयता कमजोर बनाउँदै लगेको उनीहरूको भनाइ छ । यसले मधेशमा नयाँ सरकार गठनको बहसलाई केवल सत्ता समीकरणको विषयमा सीमित नराखी प्रदेशको राजनीतिक संस्कार र संघीय शासनको औचित्यमाथिको प्रश्नसँग पनि जोडेको छ ।

नेतृत्वको दाबीमा अल्झियो समीकरण

एमाले सरकारबाट बाहिरिएपछि नयाँ सत्ता समीकरणका लागि जसपा नेपाल, एमाले र जनमत पार्टीबीच संवाद अघि बढेको हो । तीन दलबीच प्रदेश र केन्द्रीय तहमा छलफल भइरहेको छ । जसपा नेपाल प्रदेशसभाको सबैभन्दा ठूलो दल भएकाले सरकारको नेतृत्व आफूले पाउनुपर्ने दाबी गरिरहेको छ । एमाले र जनमत पार्टीसँगको छलफल सकारात्मक भए पनि नेतृत्वको विषयमा अन्तिम सहमति नभएको नेताहरूले बताएका छन् ।

जसपा नेपालका संसदीय दलका नेता सरोजकुमार यादवले तीन दलबीच सरकार गठनका विषयमा छलफल भइरहेको र नेतृत्वको विषय केन्द्रीय तहबाट टुंग्याउने समझदारी बनेको बताएका छन् । उनका अनुसार पार्टीका अध्यक्षहरूबीच छलफल गरेर सरकार गठनको विषयमा निर्णय गर्ने तयारी छ । प्रदेशसभामा सबैभन्दा ठूलो दल भएकाले सरकारको नेतृत्व जसपाले पाउनुपर्ने उनको दाबी छ ।

तर एमालेले जसपाको दाबीलाई सहजै स्वीकार गरिसकेको छैन । एमालेका संसदीय दलका नेता सरोजकुमार यादवले जसपा र जनमत पार्टीसँग छलफल भइरहेको बताएका छन् । उनका अनुसार तीन दलबीच नयाँ सरकार गठनका विषयमा सकारात्मक संवाद भए पनि कुन दलको नेतृत्वमा सरकार बनाउने भन्ने विषयमा निष्कर्ष निस्किएको छैन । यसअघि भएका सहमति कार्यान्वयन नभएको अनुभव रहेकाले लिखित र स्पष्ट समझदारी नभएसम्म नयाँ समीकरणलाई अन्तिम मान्न नसकिने एमालेको बुझाइ छ ।

जनमत पार्टी पनि नयाँ सरकार गठनको छलफलमा सहभागी छ । पार्टीका नेताहरूले सरकार गठनका विषयमा विभिन्न तहमा संवाद भइरहेको स्वीकार गरे पनि नेतृत्वको विषयमा सहमति भइनसकेको बताएका छन् । जनमत पार्टीका संसदीय दलका नेता चन्दनकुमार सिंहका अनुसार मुख्यमन्त्रीले विश्वासको मत लिएपछि वा राजीनामा दिएपछि मात्रै नयाँ सरकार गठनको प्रक्रिया थप स्पष्ट हुनेछ । दलहरूबीच छलफल हुनु र सरकार गठनको औपचारिक सहमति हुनु फरक विषय भएको उनको भनाइ छ ।

तीन दलबीचको छलफलमा जसपाले आफ्नो नेतृत्वको दाबी प्रस्तुत गरिरहेको छ । एमालेले पनि सरकारको नेतृत्वमा आफ्नो सम्भावना खुला राखेको छ । जनमत पार्टीले समेत सत्ता साझेदारीमा आफ्नो भूमिकालाई महत्त्वपूर्ण ठानेको छ । यसरी सम्भावित गठबन्धनका तीनै दलले सरकारमा आफ्नो प्रभाव र हिस्सेदारी खोज्दा सहमति जुटाउन कठिन भएको छ ।

यसअघि पनि प्रदेशमा दलहरूबीच सरकार गठनका लागि सहमति हुने तर केही समयपछि त्यसको कार्यान्वयनलाई लिएर विवाद उत्पन्न हुने गरेको छ । यही अनुभवका कारण अहिलेका वार्तामा पनि दलहरूले आफ्नो राजनीतिक हित र भविष्यको सम्भावनालाई ध्यानमा राखेर मात्रै निर्णय गर्न खोजिरहेका छन् । नेतृत्व कसले गर्ने भन्ने प्रश्नसँगै मन्त्रालयको बाँडफाँट, सरकारको कार्यकाल र आगामी निर्वाचनसम्मको राजनीतिक सहकार्य पनि छलफलका विषय बनेका छन् ।

विश्वासको मत निर्णायक

एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकार अल्पमतमा परेको छ । एमालेका चार मन्त्रीले राजीनामा दिएर सरकारबाट बाहिरिएपछि नयाँ राजनीतिक समीकरणको बहस सुरु भएको हो । एमालेले सरकार गठनका क्रममा भएको १५ बुँदे सहमति कार्यान्वयन नभएको आरोप लगाउँदै समर्थन फिर्ता लिएको जनाएको छ ।

एमालेका मन्त्रीहरूले सरकार छाड्नुको कारण सहमति कार्यान्वयनमा मुख्यमन्त्रीले चासो नदेखाएको र सरकारको कामबाट जनताले अपेक्षित परिणाम प्राप्त गर्न नसकेको बताएका थिए । एमालेको समर्थन फिर्तासँगै कांग्रेस नेतृत्वको सरकारको निरन्तरतामाथि प्रश्न उठेको छ । यद्यपि नेपाली कम्युनिष्ट पार्टीले तत्काल समर्थन फिर्ता नलिएका कारण सरकारको राजनीतिक अवस्था पूर्ण रूपमा टुंगिएको छैन ।

नयाँ सरकार गठनका विषयमा मुख्यमन्त्री यादवले विश्वासको मत लिनुपर्ने संवैधानिक बाध्यता छ । समर्थन फिर्ता लिएको अवस्थामा संविधानको व्यवस्थाअनुसार मुख्यमन्त्रीले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्ने हुन्छ । मुख्यमन्त्रीले कार्तिक २७ गते विश्वासको मत लिने तयारी गरेको बताइएको छ । तर त्यसअघि प्रदेशसभा सचिवालयमा औपचारिक पत्र पठाउने प्रक्रिया र राजनीतिक सहमति कुन अवस्थामा पुग्छ भन्ने विषयले पनि सरकारको भविष्य निर्धारण गर्नेछ ।

नेपाली कम्युनिष्ट पार्टीका संसदीय दलका नेता तथा अर्थमन्त्री युवराज भट्टराईले सरकार गठनको विषयमा अहिले कुनै ठोस निष्कर्षमा पुग्ने गरी छलफल नभएको बताएका छन् । उनका अनुसार मुख्यमन्त्रीले विश्वासको मत लिएपछि उत्पन्न हुने राजनीतिक परिस्थितिका आधारमा नयाँ सरकार गठनबारे छलफल हुन सक्छ । अहिले नै नयाँ सरकारको नेतृत्व र सहभागिताबारे निष्कर्षमा पुग्ने अवस्था नरहेको उनको भनाइ छ ।

भट्टराईको भनाइले नेपाली कम्युनिष्ट पार्टी तत्काल नयाँ गठबन्धनको निर्णयमा पुगिनसकेको संकेत गर्छ । पार्टी अहिलेको सरकारमा सहभागी रहेकाले विश्वासको मतको प्रक्रियामा उसको भूमिका महत्त्वपूर्ण हुनेछ । उसले सरकारलाई समर्थन जारी राख्ने वा नयाँ समीकरणमा सहभागी हुने भन्ने निर्णय गरेपछि प्रदेशसभाको राजनीतिक समीकरण थप स्पष्ट हुनेछ ।

मुख्यमन्त्री यादवका लागि विश्वासको मत प्राप्त गर्नु केवल सरकार जोगाउने विषय होइन, आफ्नो नेतृत्वको राजनीतिक वैधता कायम राख्ने अवसर पनि हो । विश्वासको मत प्राप्त गर्न नसकेमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्नेछ । तर उनले बहुमत जुटाउन सकेमा तत्कालका लागि नयाँ गठबन्धनको प्रयास रोकिन सक्छ । त्यसैले अहिले प्रदेशका दलहरू विश्वासको मतको परिणाम र त्यसपछि विकसित हुने राजनीतिक अवस्थालाई पर्खिरहेका छन् ।

अंकगणितमा बहुमतको आधार

१०७ सदस्यीय मधेश प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ सदस्यको समर्थन आवश्यक पर्छ । उपलब्ध दलगत विवरणअनुसार नेपाली कांग्रेसका २२, नेकपा एमालेका २३, जसपा नेपालका २७, नेपाली कम्युनिष्ट पार्टीका १५ र जनमत पार्टीका १२ सदस्य छन् । संघीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एकएक सदस्य छन् ।

यो अंकगणितअनुसार एमाले, जसपा नेपाल र जनमत पार्टी एक ठाउँमा उभिए उनीहरूको कुल संख्या ६२ पुग्छ । सरकार गठनका लागि आवश्यक ५४ सदस्यभन्दा यो संख्या आठ बढी हो । त्यसैले यी तीन दलबीच सहमति बनेमा नयाँ सरकार गठनका लागि बहुमत जुटाउन कठिन देखिँदैन ।

तर राजनीतिक अंकगणितले मात्र सरकार गठनको प्रक्रिया सहज बनाउँदैन । दलहरूबीच नेतृत्व, मन्त्रालयको बाँडफाँट र सरकार सञ्चालनको कार्यशैलीमा सहमति आवश्यक हुन्छ । विगतमा भएका सहमति कार्यान्वयन नभएको आरोप र सत्ता साझेदारबीच उत्पन्न अविश्वासले अहिलेको छलफललाई पनि प्रभावित गरेको छ ।

बाँकी पृष्ठ ३ ▶▶

आजको राशिफल

मेष : आत्मविश्वास बढ्ने दिन हो । काममा नयाँ अवसर देखिन सक्छ । आर्थिक पक्ष सामान्य रहनेछ ।

बृष : धैर्यताको परीक्षा हुन सक्छ । बोलीमा संयम राख्नु आवश्यक छ । पुरानो काम पूरा हुने सम्भावना छ ।

मिथुन : दिमाग तेज चल्ने दिन हो । पढाइ र लेखनमा सफलता मिल्छ । मित्रबाट सहयोग प्राप्त हुनेछ ।

कर्कट : भावनात्मक रूपमा संवेदनशील रहनुहुन्छ । परिवारको साथले मन बलियो बनाउँछ ।

सिंह : नेतृत्व क्षमता देखिनेछ । काममा प्रशंसा पाउने योग छ । आत्मसम्मान बढ्ने दिन हो ।

कन्या : योजना बनाउने दिन हो । काम विस्तारै अघि बढ्नेछ । अनावश्यक चिन्ता बढ्न सक्छ ।

तुला : सम्बन्ध सुधार हुने दिन हो । सहकार्यबाट लाभ मिल्छ । पुरानो विवाद समाधान हुन सक्छ ।

वृश्चिक : गोप्य कुरामा सावधानी अपनाउनुहोस् । काममा दबाब महसुस हुन सक्छ । आत्मबल घट्न नदिनुहोस् ।


धनु : नयाँ कुरा सिक्ने मौका मिल्छ । यात्रा लाभदायक हुन सक्छ । काममा उत्साह बढ्नेछ ।

मकर : जिम्मेवारी बढ्ने दिन हो । काममा अनुशासन आवश्यक छ । धैर्यले सफलता दिलाउँछ ।

कुम्भ : नयाँ सोच आउने दिन हो । सामाजिक क्षेत्रमा सक्रिय रहनुहुन्छ । काममा परिवर्तनको संकेत छ ।

मीन : कल्पनाशक्ति बलियो हुनेछ । सिर्जनात्मक काममा सफलता मिल्छ । भावनामा बगेर निर्णय नगर्नुहोस् ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

स्थानीय तहमा कर्मचारीलाई दरबन्दी अनुसार जिम्मेवारी दिन निर्देशन

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १६ गते



मधेश प्रदेश सरकारले स्थानीय तहमा नियुक्ति, पदस्थापन तथा समायोजन भएका कर्मचारीलाई स्वीकृत दरबन्दी र सेवा समूहअनुसार कार्य जिम्मेवारी दिन निर्देशन दिएको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेशका सबै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतलाई पत्राचार गर्दै कर्मचारीलाई सम्बन्धित सेवा, समूह र उपसमूहअनुसार काममा खटाउन भनेको हो।

प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशबाट विभिन्न मितिमा प्रकाशित विज्ञापनका आधारमा सिफारिस भई स्थानीय तहको स्वीकृत दरबन्दीमा नियुक्ति, पदस्थापन तथा समायोजन भएका कर्मचारीलाई कतिपय स्थानीय तहले तोकिएको सेवा र समूहअनुसार काम नदिएको विषयमा मुख्यमन्त्री कार्यालयको ध्यानाकर्षण भएको छ।

कार्यालयका अनुसार केही स्थानीय तहले कर्मचारीलाई नियुक्ति भएको सेवा र समूहभन्दा फरक किसिमको कार्य जिम्मेवारी दिएका छन्। कतिपय कर्मचारीलाई भने सम्बन्धित सेवा समूहमा दरबन्दी रिक्त हुँदाहुँदै पनि जिम्मेवारी नदिएको विषय पत्रमा उल्लेख छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यस्तो अवस्था देखिएपछि कर्मचारीलाई सम्बन्धित सेवा, समूह र उपसमूहका लागि निर्धारित कार्य विवरणअनुसार जिम्मेवारी दिन स्थानीय तहलाई निर्देशन दिएको हो।

कार्यालयले कर्मचारीको नियुक्ति तथा पदस्थापन भएको सेवा समूह र स्वीकृत दरबन्दीलाई आधार मानेर कामको बाँडफाँट गर्न भनेको छ। साथै, कर्मचारीलाई दिइएको कार्य जिम्मेवारीको जानकारी अनिवार्य रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउन निर्देशन दिइएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शाखा अधिकृत विकास चन्द्र थापा क्षेत्रीले कात्तिक १२ गते जारी गरेको पत्रमा प्रमुख सचिवस्तरीय निर्णयअनुसार स्थानीय तहलाई उक्त निर्देशन दिइएको उल्लेख छ।

पत्रको बोधार्थ भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार र मधेश प्रदेशको कोष तथा लेखा नियन्त्रकको कार्यालयलाई समेत दिइएको छ। कोष तथा लेखा नियन्त्रकको कार्यालयलाई सेवा र समूह नमिल्ने कर्मचारीबाट खाता सञ्चालन भएको भए रोक्का गर्न पनि पत्रमार्फत अनुरोध गरिएको छ।

मधेश सरकार गठनबारे दलहरूबीच संवाद भइरहेको .....

सञ्चारकर्मीसँग कुराकानी गर्दै दलहरूबीच विभिन्न विकल्प खुला राख्दै छलफल भइरहेको बताए।

उनले भन्दै, 'हामी लोकतान्त्रिक गणतन्त्रका पक्षधर राजनीतिक दल मधेस सरकारको स्थायित्वका लागि सघन छलफलमा छौं, अब चाँडै यसबारे निष्कर्षमा पुग्नेछौं।'

प्रचण्डले लोकतान्त्रिक गणतन्त्रका पक्षधरबीच सहकार्य, समन्वय र आपसी सम्बन्ध सुदृढ बनाउने उद्देश्यले आफ्नो दलले राष्ट्रिय जागरण अभियान सञ्चालन गरिरहेको बताए।

'यो अभियान मुख्यतः हाम्रो दलको आन्तरिक साङ्गठनिक काम व्यवस्थित गर्ने सवालमा केन्द्रित छ,' उनले भने, 'यसै अभियानको धरातलबाट हामी लोकतान्त्रिक गणतन्त्र पक्षधरबीचको सम्बन्ध प्रगाढ बनाउँदै अघि बढ्ने छौं।'

नेपाल रेल्वे बोर्डद्वारा रेल चालकको दरखास्त .....

छ। सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र इच्छुक आवेदकले आफ्नो दरखास्त पेस गर्नुपर्ने नियम छ।

दरखास्त दिन चाहने उम्मेदवारले आवश्यक कागजातसहित नेपाल रेल्वे बोर्डको केन्द्रीय कार्यालयमा निवेदन बुझाउनुपर्नेछ। आवेदनका साथमा नेपाली नागरिकताको प्रतिलिपि र शैक्षिक योग्यताको प्रमाणपत्र संलग्न गर्नुपर्नेछ। यसका साथै मान्यता प्राप्त संस्थाबाट जारी भएको रेल चालकको लाइसेन्सको प्रतिलिपि तथा अनुभव र तालिमको प्रमाणपत्र पनि पेस गर्नुपर्ने सूचनामा उल्लेख छ।



मधेशमा सत्ता संघर्ष .....

जसपा नेपालले प्रदेशसभामा आफ्नो संख्या सबैभन्दा बढी भएकाले नेतृत्वको दाबी गरेको छ। एमालेले सरकारबाट बाहिरिनुपरेको कारण र आफ्नो राजनीतिक हैसियतलाई आधार बनाएर सत्ता साझेदारीमा प्रभाव खोजिरहेको छ। जनमत पार्टीले पनि नयाँ समीकरणमा आफ्नो भूमिका कमजोर हुन नदिने रणनीति लिएको छ। तीनै दलको प्राथमिकता सरकार गठनमा सहभागी हुनु मात्र नभई सरकारमा आफ्नो राजनीतिक प्रभाव कायम राख्नु देखिन्छ।

अर्कोतर्फ नेपाली कांग्रेस र नेपाली कम्युनिष्ट पार्टीको संयुक्त संख्या ३७ मात्रै छ। अन्य दलको समर्थन नपाए मुख्यमन्त्री यादवलाई विश्वासको मत प्राप्त गर्न कठिन हुनेछ। त्यसैले कांग्रेसले पनि सम्भावित राजनीतिक विकल्प र समर्थन जुटाउने प्रयासलाई पूर्ण रूपमा बन्द गरेको छैन।

तर प्रदेशसभाको कुल सदस्य संख्या र मतदानमा सहभागी हुन सक्ने वास्तविक सदस्य संख्याबीच फरक पर्न सक्ने विषयलाई पनि ध्यान दिनुपर्ने हुन्छ। यसअघि विभिन्न कारणले केही सदस्य निलम्बनमा पर्ने र केहीले पद त्याग गर्ने अवस्था बनेको थियो। त्यसैले सरकार गठनको अन्तिम अंकगणित निर्धारण गर्दा प्रदेशसभा सचिवालयको अद्यावधिक सदस्य विवरण र मतदानका लागि उपलब्ध सदस्य संख्यालाई आधार बनाउनुपर्ने हुन्छ।

सरकार गठनका लागि बहुमत जुटाउने दलहरूबीच अहिले देखिएको प्रतिस्पर्धा संख्याको अभावभन्दा नेतृत्वको आकांक्षासँग बढी जोडिएको छ। ६२ सदस्यको सम्भावित समर्थन रहेको गठबन्धन बन्न सक्ने अवस्थामा पनि नेतृत्वको प्रश्न ठुंगिन नसक्नुले दलहरूबीचको राजनीतिक अविश्वास र सत्ता साझेदारीको जटिलता देखाउँछ।

केन्द्रको हस्तक्षेपमा प्रदेश राजनीति

मधेश प्रदेशमा सरकार गठनको विषय प्रदेशसभाभित्र मात्रै सीमित छैन। दलहरूको केन्द्रीय नेतृत्वले पनि सत्ता समीकरणमा प्रत्यक्ष चासो राखेको छ। प्रदेशका संसदीय दलका नेताहरूबीच छलफल भइरहँदा पार्टी अध्यक्ष र केन्द्रीय नेताहरूको संवादले पनि नयाँ सरकार गठनको दिशा निर्धारण गर्ने देखिएको छ।

एमाले र जसपा नेपालका केन्द्रीय नेताहरूबीच सरकार गठनका विषयमा छलफल भएको छ। तीन दलका अध्यक्षहरूबीच पनि संवाद गरेर नेतृत्वको विषय टुंग्याउने तयारी भइरहेको नेताहरूले बताएका छन्। प्रदेशमा सरकार गठनको अधिकार प्रदेशसभाको राजनीतिक प्रक्रियाबाट प्रयोग हुने भए पनि दलहरूको आन्तरिक निर्णय र केन्द्रीय गठबन्धनको प्रभावबाट प्रदेश राजनीति अलग हुन सकेको छैन।

यसअघि पनि संघीय सरकारमा हुने गठबन्धन परिवर्तनको असर प्रदेश सरकारमा देखिँदै आएको छ। केन्द्रमा दलहरूबीच सहमति फेरिँदा प्रदेशमा सत्ता साझेदार बदलिने, मन्त्री हटाइने र नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्ने अवस्था दोहोरिएको छ। मधेश प्रदेशमा पनि सरकार गठन र पुनर्गठनका धेरै निर्णय केन्द्रीय राजनीतिक समीकरणसँग जोडिएका छन्।

यसले संघीयताको मर्म र प्रदेशको राजनीतिक स्वायत्ततामाथि प्रश्न उठाएको छ। प्रदेशसभामा निर्वाचित सदस्य र स्थानीय राजनीतिक आवश्यकताका आधारमा सरकार सञ्चालन हुनुपर्ने भए पनि दलका केन्द्रीय नेतृत्वको सहमतिबिना प्रदेशका नेताहरूले निर्णय लिन नसक्ने अवस्था देखिएको छ। प्रदेशको नेतृत्व परिवर्तनको विषयमा समेत केन्द्रको निर्देशन र सहमतिलाई निर्णायक मान्ने प्रवृत्तिले प्रदेश सरकारको स्वायत्तता कमजोर बनाएको आलोचना हुँदै आएको छ।

प्रदेशका नेताहरूले आफ्नो राजनीतिक अवस्था, जनमत र प्रदेशको आवश्यकताअनुसार निर्णय लिन नसक्दा स्थानीय मुद्दा राजनीतिक प्राथमिकताबाट पछि पर्दै गएका छन्। सरकार परिवर्तनको बहसमा प्रदेशको बजेट कार्यान्वयन, विकास आयोजनाको अवस्था, रोजगारी सिर्जना र सार्वजनिक सेवा प्रवाहका विषयभन्दा सत्ता साझेदारीको प्रश्न बढी चर्चामा आउने गरेको छ।

केन्द्रीय नेतृत्वले प्रदेशको राजनीतिक स्थिरतालाई प्राथमिकता दिने हो भने सरकार गठनका लागि गरिने सहमति स्पष्ट, पारदर्शी र कार्यान्वयनयोग्य हुनुपर्ने देखिन्छ। तर विगतका सहमति कार्यान्वयन नभएको आरोपकै कारण एमाले सरकारबाट बाहिरिएको अवस्थामा फेरि अर्को सहमति गरेर सरकार बनाउने प्रयासले राजनीतिक स्थायित्वको प्रत्याभूति दिन सकेको छैन।

सत्ता राजनीतिप्रति युवा असन्तुष्ट

सरकार गठनका लागि दलहरूबीच छलफल चलिरहँदा तिनै दलभित्रका युवा नेताहरू भने नेतृत्वको कार्यशैलीप्रति असन्तुष्ट देखिएका छन्। सरकारमा जाने, बाहिरिने र फेरि नयाँ समीकरण बनाउने क्रमले पार्टीको राजनीतिक उद्देश्य र जनतासँग गरिएका प्रतिबद्धतालाई कमजोर बनाएको उनीहरूको आरोप छ।

प्रदेशमा संघीयता कार्यान्वयन पछि विकास र समृद्धिको नयाँ आधार तयार हुने अपेक्षा गरिएको थियो। तर प्रदेश सरकारको अधिकांश राजनीतिक ऊर्जा सरकार गठन, मन्त्रिपरिषद् विस्तार, मन्त्रालयको बाँडफाँट र सत्ता साझेदारीबीचको विवादमै खर्च भइरहेको उनीहरूको बुझाइ छ। सरकार परिवर्तनको चर्चा चल्नेबित्तिकै दलका नेताहरूको प्राथमिकता जनताका समस्या समाधानभन्दा सत्ता समीकरणमा केन्द्रित हुने गरेको छ।

युवा नेताहरूका अनुसार यस्तो प्रवृत्तिले पार्टीभित्र नयाँ पुस्ताको राजनीतिक सहभागिता र नेतृत्व विकासलाई समेत कमजोर बनाएको छ। पार्टीको विचार, संगठन विस्तार, जनतासँगको सम्बन्ध र राजनीतिक कार्यक्रमका विषयमा गम्भीर छलफल हुनुपर्ने समयमा नेताहरू पद र शक्तिको प्रतिस्पर्धामा केन्द्रित हुनु निराशाजनक भएको उनीहरूको भनाइ छ।

जनता समाजवादी पार्टीका नेता तथा पूर्वमन्त्री सुरेशकुमार मण्डलले दलहरूमा सत्ताबिना बाँच्न सक्दिँदैन भन्ने चिन्तन विकसित हुँदै गएको टिप्पणी गरेका छन्। उनका अनुसार अहिले प्रदेशको मुख्य राजनीति नै सरकार गठन र सत्ता प्राप्तिमा केन्द्रित भएको छ। जनताका मुद्दा र प्रदेशको विकासका विषय ओझेलमा परेका छन्।

मण्डलले राजनीतिक दलहरू सत्तामा पुग्ने र सरकारमा टिकिरहने प्रतिस्पर्धामा लाग्दा जनताको अपेक्षा पूरा हुन नसकेको बताएका छन्। उनका अनुसार सरकारमा सहभागी हुनु नै राजनीतिक सफलताको मापदण्डजस्तो बनाइएको छ। यस्तो प्रवृत्तिले राजनीतिक दलहरूलाई जनताका वास्तविक समस्याबाट टाढा पुऱ्याउने खतरा बढाएको छ।

उनको टिप्पणीले जसपा नेपालभित्रै सरकार गठनको विषयलाई लिएर देखिएको असन्तुष्टिलाई पनि उजागर गर्छ। प्रदेशको राजनीतिक मुद्दा र जनताको अधिकारका विषयमा केन्द्रित हुनुपर्ने दलहरू सत्ता साझेदारीको विवादमा अल्झिँदा पार्टीको मूल राजनीतिक उद्देश्य कमजोर बन्ने उनको चिन्ता छ।

नेकपा एमालेका युवा नेता शम्भु साहले पनि सरकार गठनको निरन्तरको खेलले मधेश प्रदेशमा एमालेको राजनीतिक साख कमजोर बनाएको बताएका छन्। उनका अनुसार पार्टीले आफ्नो विश्वसनीयता गम्भीर रूपमा गुमाइसकेको अवस्थामा फेरि सरकारमा सहभागी हुने प्रयास गर्नु उचित हुँदैन।

साहले आगामी निर्वाचनलाई ध्यानमा राखेर बाँकी रहेको राजनीतिक साख जोगाउन सरकारमा सहभागी हुने अवसरवादी प्रयास र पद प्राप्तिको होडबाजी तत्काल रोक्नुपर्ने बताएका छन्। उनका अनुसार सत्ता समीकरण बदल्ने र सरकारमा जाने प्रतिस्पर्धाले पार्टीको संगठन र जनाधारमा नकारात्मक असर पारिरहेको छ।

उनको भनाइमा पार्टीले जनतामाझ आफ्नो राजनीतिक प्रतिबद्धता र विश्वसनीयता पुनःस्थापित गर्नुपर्ने बेला आएको छ। सरकारमा सहभागी भएर केही पद प्राप्त गर्नु तत्कालीन राजनीतिक लाभ हुन सक्छ, तर त्यसले दीर्घकालीन रूपमा पार्टीलाई फाइदा पुऱ्याउँछ भन्ने निश्चित छैन। आगामी निर्वाचनमा जनताले पार्टीको व्यवहार र राजनीतिक निर्णयको मूल्यांकन गर्ने भएकाले नेतृत्वले अहिले नै आफ्नो कार्यशैली सुधार्नुपर्ने उनको जोड छ।

युवा नेताहरूको असन्तुष्टि कुनै एक दलमा मात्रै सीमित छैन। सरकार गठनका लागि छलफल गरिरहेका दलहरूका कार्यकर्तामाझ पनि नेतृत्वको प्राथमिकता, निर्णय प्रक्रिया र राजनीतिक प्रतिबद्धताबारे प्रश्न उठ्न थालेका छन्। पार्टीभित्र आलोचनात्मक आवाजलाई स्थान नदिने र नेतृत्वको निर्णयमाथि प्रश्न उठाउनेहरूलाई बेवास्ता गर्ने प्रवृत्तिले असन्तुष्टि थप बढाएको उनीहरूको बुझाइ छ।

विकासका मुद्दा ओझेलमा

मधेश प्रदेशमा सरकार गठन र पुनर्गठनको बहसले निरन्तरता पाए पनि प्रदेशका आधारभूत समस्याले अपेक्षित राजनीतिक प्राथमिकता पाउन सकेका छैनन्। कृषि, सिँचाइ, शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, रोजगारी र औद्योगिक विकासजस्ता विषय प्रदेशका प्रमुख आवश्यकता हुन्। तर सरकार परिवर्तनको बहसमा यी विषयहरू प्रायः गौण बन्ने गरेका छन्।

मधेशको ठूलो जनसंख्या कृषि क्षेत्रमा निर्भर छ। खेतीयोग्य जमिन, सिँचाइको उपलब्धता, मलखादको आपूर्ति, कृषि उत्पादनको उचित मूल्य र बजार व्यवस्थापन प्रदेशका दीर्घकालीन चुनौती हुन्। किसानले समयमै मल नपाउने, उत्पादनको उचित मूल्य नपाउने र सिँचाइको भरपर्दो व्यवस्था नहुने समस्या निरन्तर उठाउँदै आएका छन्। तर प्रदेश सरकारको राजनीतिक प्राथमिकतामा यी विषयले कति स्थान पाएका छन् भन्ने प्रश्न उठिरहेको छ।

त्यस्तै, प्रदेशका युवाका लागि रोजगारी सिर्जना अर्को ठूलो चुनौती हो। वैदेशिक रोजगारीमा जाने युवाको संख्या बढिरहेको अवस्थामा प्रदेशभित्रै उत्पादनमूलक रोजगारीका अवसर विस्तार गर्नुपर्ने आवश्यकता छ। उद्योग, व्यापार, कृषि प्रशोधन र पर्यटन क्षेत्रमा लगानी आकर्षित गर्न सकिए स्थानीय स्तरमै रोजगारी सिर्जना गर्न सकिन्छ। तर राजनीतिक अस्थिरताले लगानीकर्तामा अनिश्चितता बढाउने र दीर्घकालीन योजना कार्यान्वयनमा

बाँकी पृष्ठ ४ ▸▸

बुद्ध एयरको जहाजको टायर पञ्चर .....

निश्चित समय नपाउँदा भोक र प्याससमेत सहनुपरेको गुनासो गरेका छन्। लामो प्रतीक्षाका कारण विमानस्थलमा यात्रुहरू आक्रोशित देखिएका थिए।

बुद्ध एयर राजविराजका वरिष्ठ अधिकृत सन्दीप खवासका अनुसार पञ्चर भएको टायर मर्मतका लागि विराटनगरबाट अर्को जहाजमार्फत



प्राविधिक टोली बोलाइएको थियो। प्राविधिक टोलीले टायर मर्मत गर्न करिब एक घण्टा लाग्ने र त्यसपछि जहाज काठमाडौंका लागि उडान भर्ने उनले जानकारी दिएका छन्।

सोमबार राजविराजबाट काठमाडौं जाने ६९ जना यात्रुले टिकट काटेका थिए। जहाज ढिलाइ भएपछि आठबेखि १० जनाले टिकट रद्द गराएको र पाँच जनाले मंगलबारका लागि टिकट सारेको खवासले बताए। बाँकी ५८ जना यात्रुलाई लिएर जहाज काठमाडौं उड्ने उनको भनाइ छ।

जहाजमा प्राविधिक समस्या आउनु उड्डयन सुरक्षासँग जोडिएको विषय भए पनि त्यसबाट प्रभावित यात्रुलाई समयमै स्पष्ट जानकारी दिनु र प्रतीक्षाका क्रममा आवश्यक सहजीकरण गर्नु विमान सेवा कम्पनीको दायित्व हो। विशेषगरी अन्तर्राष्ट्रिय उडान र परीक्षाजस्ता समयसीमासँग जोडिएका काम प्रभावित हुने अवस्थामा यात्रुको सम्भावित क्षति र व्यवस्थापनबारे कम्पनीले स्पष्ट जवाफ दिनुपर्ने यात्रुहरूको माग छ।



पूर्ण खोपबाट वञ्चित बालबालिकाको पहिचान गर्न घरदैलो अभियान

अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १६ गते

मधेश प्रदेशको चार जिल्लाका १२ पालिकामा पूर्ण खोप लिन छुटेका बालबालिकाको पहिचानका लागि घरदैलो कार्यक्रम सञ्चालन गरिएको छ।

अमेरिकी सरकार र युनिसेफको सहयोग स्वास्थ्य निर्देशनालय मधेश प्रदेशको समन्वयमा लाइफ नेपालले सञ्चालन गरेको खोप नपाएका बालबालिकासम्म पुग्न सामुदायिक सहभागिता, माग सिर्जना र डिजिटल समाधानहरुको माध्यमद्वारा सामुदायिक संयन्त्र सुदृढीकरण कार्यक्रम अन्तर्गत घरदैलो कार्यक्रम सञ्चालन गरिएको लाइफ नेपालका कार्यक्रम निर्देशक लक्ष्मी साहले जानकारी दिनुभयो।

घरदैलोमा महिला स्वास्थ्य स्वमसेविका, लाइफ नेपालका परिचालक र युवायुवतीहरुको सहभागिता रहको छ। उहाँले घरदैलोको क्रममा खोप लिन छुटेका बालबालिकाको पहिचान गरी तथ्याङ्क तयार पारेर कार्यक्रम सञ्चालन रहेको पालिकाको स्वास्थ्य शाखालाई उपलब्ध गराई भौगोलिक सूचना प्रणलीमा (जी आई एस) मा समावेश गरिने र सोही बमोजिम पूर्ण खोपका लागि खोप लिन छुटेका बालबालिकालाई स्वास्थ्यकर्मीले खोप लगाउने बताउनुभयो।

कार्यक्रम निर्देशक साहले यसका लागि चारवटै जिल्लाका स्वास्थ्यशाखा प्रमुख, खोप फोकल पर्सन , तथ्याङ्क अधिकृत र स्वास्थ्य कार्यालयका प्रमुखहरुलाई भौगोलिक सूचना प्रणालीसम्बन्धी आइतबार र सोमबार गरी दुई दिने तालिमसमेत दिइएको बताउनुभयो।

उहाँले तालिममा जीआइएसका सहजकर्ता प्रकास अधिकारीले खोप नलगाएका बालबालिकाको पहिचान गरी उक्त प्रणलीमा तथ्याङ्क कसरी समावेश गर्ने भन्ने बारेमा तालिम दिएको र चारवटै जिल्लाका स्वास्थ्य क्षेत्रका ५० जनाको सहभागिता रहेको बताउनुभयो। तालिममा युनिसेफका बेकी प्रसाँई र लता बज्राचार्यले प्राविधिक सल्लाह दिनुभयो।

उक्त कार्यक्रमका संयोजक मोहमद असलमका अनुसार धनुषाको जनकपुरधाम उपमहानगरपालिका, मिथिला नगरपालिका, धनुषाधाम नगरपालिका र धनौजी गाँउपालिकामा पूर्ण खोपका लागि खोप नपाएका बालबालिकासम्म पुग्न सामुदायिक सहभागिता, माग, सिर्जना र डिजिटल समाधानहरुको माध्यमद्वारा सामुदायिक संयन्त्र सुदृढीकरण कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो।

त्यसैगरी, महोत्तरीको सम्सी गाँउपालिका, लोहरपट्टी नगरपालिका, बलवा नगरपालिका सर्लाहीको कविलासी नगरपालिका, हरिपुर्वा नगरपालिका, राम नगर गाँउपालिका र रौतहटको राजपुर नगरपालिका, इसनाथ नगरपालिकामा सो कार्यक्रम सञ्चालनमा रहेको उहाँले जानकारी दिनुभयो।

दुई दिने तालिमको अध्यक्षता गर्नुभएका मधेश प्रदेशका स्वास्थ्य निर्देशक डा. नवल किशोर झाले मधेश प्रदेशमा ९८ प्रतिशत बालबालिका पूर्णखोपको पँहुचमा रहेको भन्दै विभिन्न कारणबाट खोप लिन छुटेका दुई प्रतिशत बालबालिकालाई यस कार्यक्रममार्फत खोपको पहुँचमा ल्याउन सञ्चालन भएको कार्यक्रममा सबैको सहयोग आवश्यक भएको बताउनुभयो।

मधेशमा सत्ता संघर्ष .....

बाधा पुऱ्याउने जोखिम रहन्छ।

शिक्षा र स्वास्थ्य सेवाको अवस्था सुधार्नु पनि प्रदेश सरकारको महत्त्वपूर्ण जिम्मेवारी हो । ग्रामीण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा, दक्ष जनशक्ति र आवश्यक पूर्वाधारको अभाव छ। सरकारी विद्यालयको शैक्षिक गुणस्तर, प्राविधिक शिक्षाको विस्तार र स्वास्थ्य संस्थाको सेवा प्रभावकारी बनाउने विषयमा निरन्तर काम आवश्यक छ। तर सरकार गठनको विवादले यस्ता विषयमा सार्वजनिक बहस कमजोर बनाएको छ।

प्रदेशको विकासका लागि आवश्यक नीति, योजना र बजेट कार्यान्वयनमा सरकारको निरन्तरता महत्त्वपूर्ण हुन्छ। बारम्बार सरकार परिवर्तन हुँदा नयाँ नेतृत्वले अघिल्लो सरकारका योजना र कार्यक्रमलाई निरन्तरता दिने वा नदिने भन्ने अन्योल उत्पन्न हुन्छ। प्रशासनिक नेतृत्व र प्राथमिकता बदलिँदा विकास आयोजनाको कार्यान्वयनमा ढिलाइ हुने सम्भावना बढ्छ। यसको प्रत्यक्ष असर नागरिकले पाउने सेवामा पर्छ।

यही कारण युवा नेताहरूले सरकार गठनको विषयलाई पद प्राप्तिको प्रतिस्पर्धामा सीमित नगर्न नेतृत्वलाई आग्रह गरिरहेका छन् । सरकार परिवर्तन गर्नुपर्ने अवस्था आए पनि त्यसको आधार स्पष्ट नीति, कार्यक्रम र राजनीतिक जवाफदेहिता हुनुपर्ने उनीहरूको माग छ। केवल सत्ता साझेदार परिवर्तन गरेर प्रदेशका समस्या समाधान नहुने उनीहरूको निष्कर्ष छ।

अस्थिरताको पुरानै चक्र

मधेश प्रदेशमा राजनीतिक अस्थिरता अहिलेको घटनामात्र होइन । प्रदेशसभाको दोस्रो कार्यकालको साढे तीन वर्षको अवधिमै पाँच जना मुख्यमन्त्री बनेका छन्। यही अवधिमा १०७ सदस्यीय प्रदेशसभाबाट ५० जना सांसद मन्त्री बनिसकेको विवरण सार्वजनिक भएको छ। सरकार गठन र पुनर्गठनको तीव्रताले प्रदेशको राजनीतिक स्थायित्वमाथि गम्भीर प्रश्न उठाएको छ।

सरकार परिवर्तनको यो क्रमले प्रदेशमा दलहरूबीच दीर्घकालीन राजनीतिक सहकार्यको अभाव देखाउँछ । निर्वाचनपछि बनेका गठबन्धनहरू केन्द्रीय राजनीतिक समीकरण परिवर्तन हुँदा भत्किने गरेका छन्। प्रदेशका दलहरूबीचको सहमति पनि पार्टीको केन्द्रीय नेतृत्वको निर्णयसँगै बदलिने गरेको छ। यसले प्रदेशसभाको कार्यकाल र सरकारको स्थायित्व दुवैलाई प्रभावित पारेको छ।

यसअघि मधेश प्रदेशमा मुख्यमन्त्री परिवर्तनका क्रममा संवैधानिक प्रक्रिया र राजनीतिक विवादसमेत देखिएका थिए। सरकार गठनको दाबी, विश्वासको मत र प्रदेश प्रमुखको भूमिकालाई लिएर विवाद अदालतसम्म पुगेको थियो । सर्वोच्च अदालतले प्रदेश सरकार गठनसम्बन्धी एउटा नियुक्तिलाई असंवैधानिक ठहर गर्दै विश्वासको मत लिनुपर्ने आदेश दिएको घटनाले प्रदेशको सत्ता राजनीतिमा संवैधानिक प्रक्रियाको महत्त्वसमेत उजागर गरेको थियो।

त्यसपछि बनेको सरकार पनि राजनीतिक समीकरणको परिवर्तनबाट प्रभावित हुँदै आएको छ । कहिले जनमत पार्टीले समर्थन फिर्ता लिने, कहिले जसपा नेपाललाई सरकारबाट बाहिर राख्ने र कहिले एमालेसँग सहकार्य गर्ने निर्णयले सरकारको स्थायित्वलाई चुनौती दिँदै आएको छ। अहिले एमाले सरकारबाट बाहिरिएपछि फेरि नयाँ समीकरणको खोजी भइरहेको छ।

सरकार परिवर्तनको यो चक्रले संघीयताको प्रभावकारितामाथि पनि बहस सिर्जना गरेको छ । प्रदेश सरकारको स्थायित्व कमजोर हुँदा संघीय शासन प्रणालीले जनतामा पुऱ्याउनुपर्ने सेवा र विकासको परिणाम प्रभावित हुन सक्छ। प्रदेश सरकारलाई अधिकारसम्पन्न बनाउने उद्देश्य भए पनि राजनीतिक दलहरूले त्यसको अभ्यास स्थिर र जवाफदेही ढंगले गर्न नसकेको आलोचना हुँदै आएको छ।

प्रदेश सरकारको मूल्यांकन मुख्यमन्त्री र मन्त्रीको संख्या वा गठबन्धनको आयुका आधारमा मात्रै हुनु हुँदैन। प्रदेशले कति कानुन निर्माण गऱ्यो, बजेट कति प्रभावकारी रूपमा खर्च गऱ्यो, नागरिकले सार्वजनिक सेवा कति सहज रूपमा पाए र विकासका योजनाले कस्तो परिणाम दिए भन्ने आधारमा सरकारको कार्यसम्पादन मापन हुनुपर्छ। तर मधेशको राजनीतिक बहसमा यस्ता प्रश्नले अपेक्षित स्थान पाउन सकेका छैनन्।

निर्वाचनअघि साख जोगाउने चुनौती

नयाँ सरकार गठनको छलफलसँगै दलहरू आगामी निर्वाचनलाई समेत ध्यानमा राखेर राजनीतिक रणनीति बनाउन थालेका छन्। सरकारमा सहभागी हुने वा नहुने निर्णयले तत्कालीन सत्ता समीकरण मात्र होइन, आगामी निर्वाचनमा पार्टीको छवि र जनमतलाई पनि प्रभाव पार्नेछ।

विशेषगरी एमालेका युवा नेताहरूले सरकारमा सहभागी हुने निर्णयले पार्टीको राजनीतिक विश्वसनीयतामा थप असर पर्न सक्ने चेतावनी दिएका छन्। पार्टीले सरकारबाट बाहिरिनुको कारण १५ बुँदे सहमति कार्यान्वयन नभएको बताएको अवस्थामा फेरि नयाँ सरकार गठनका लागि त्यही दलहरूसँग सहकार्य गर्दा राजनीतिक सन्देश के जाने भन्ने प्रश्न उठेको छ।

जसपा नेपालका लागि पनि सरकारको नेतृत्व प्राप्त गर्नु मात्र पर्याप्त हुने छैन । प्रदेशसभाको सबैभन्दा ठूलो दलका रूपमा जनताले अपेक्षा गरेको राजनीतिक जिम्मेवारी पूरा गर्नुपर्ने चुनौती छ। सरकारको नेतृत्व पाए पनि प्रदेशको विकास, सुशासन र जनताको जीवनस्तर सुधारमा परिणाम दिन नसके त्यसको राजनीतिक मूल्य चुकाउनुपर्नेछ।

जनमत पार्टीका लागि पनि सत्ता साझेदारीको निर्णय महत्त्वपूर्ण हुनेछ। नयाँ राजनीतिक शक्तिका रूपमा उदाएको जनमतले विगतमा परम्परागत दलहरूको कार्यशैलीको आलोचना गर्दै आफ्नो राजनीतिक आधार विस्तार गरेको थियो। अब सरकार गठनको प्रक्रियामा उसको भूमिका र निर्णयले पार्टीको राजनीतिक पहिचानलाई थप प्रभावित गर्न सक्छ।

नेपाली कांग्रेस नेतृत्वको वर्तमान सरकारका लागि पनि विश्वासको मत प्राप्त गर्नु मात्रै उपलब्धि हुने छैन। सरकारमा रहिरहने अवस्था बने पनि विगतका सहमति कार्यान्वयन, प्रदेशसभाको प्रभावकारी सञ्चालन र विकासका काममा परिणाम देखाउनुपर्नेछ। सरकार अल्पमतमा परेपछि उत्पन्न राजनीतिक संकटले कांग्रेसको प्रदेश नेतृत्वको कार्यशैली माथि समेत प्रश्न उठाएको छ।

नेपाली कम्युनिष्ट पार्टीका लागि पनि अहिलेको अवस्था राजनीतिक रूपमा संवेदनशील छ। वर्तमान सरकारलाई समर्थन जारी राख्ने वा नयाँ समीकरणमा जाने भन्ने निर्णयले प्रदेशमा उसको राजनीतिक भूमिका निर्धारण गर्नेछ। पार्टीका संसदीय दलका नेता युवराज भट्टराईले तत्काल सरकार गठनबारे निष्कर्षमा नपुगेको बताए पनि विश्वासको मतको प्रक्रियामा पार्टीको निर्णय निर्णायक हुन सक्छ।

मधेश प्रदेशमा अहिले देखिएको सत्ता संघर्षले दलहरूलाई एउटा महत्त्वपूर्ण राजनीतिक प्रश्नको सामना गराएको छ। सरकार गठन र सत्ता साझेदारीलाई नै राजनीतिक उपलब्धि मान्ने कि प्रदेशका जनताको अपेक्षा पूरा गर्ने गरी स्थिर सरकार र जवाफदेही शासन प्रणाली निर्माण गर्ने भन्ने प्रश्न अब नेतृत्वको निर्णयसँग जोडिएको छ।

दलहरूबीच बहुमत जुटाउने सम्भावना देखिए पनि त्यसले मात्र राजनीतिक स्थिरता सुनिश्चित गर्दैन। सरकार गठनका लागि गरिने सहमति कार्यान्वयन गर्ने प्रतिबद्धता, साझा नीति तथा कार्यक्रम, मन्त्रालयको स्पष्ट जिम्मेवारी र जनताप्रतिको जवाफदेहिता आवश्यक हुन्छ । विगतका सहमति कार्यान्वयन नभएको आरोपकै कारण एमाले सरकारबाट बाहिरिएको अवस्थामा नयाँ गठबन्धनले पुरानै गल्ती दोहोऱ्याए मधेशको राजनीतिक अस्थिरता थप लम्बिनेछ।

प्रदेशको विकास र समृद्धिको अपेक्षासहित संघीयता कार्यान्वयनमा आएको हो। तर सरकार गठन र पुनर्गठनको चक्रमा दलहरू निरन्तर अल्झिरहने हो भने संघीय संरचनाप्रति नागरिकको विश्वास कमजोर हुने जोखिम छ। अहिलेको सत्ता संघर्षले दलहरूलाई तत्काल सरकार बनाउने अवसर दिएको छ, तर त्यसलाई प्रदेशको राजनीतिक स्थायित्व र जनताको जीवनमा परिणाम देखाउने अवसरमा बदल्न सक्ने कि नसक्ने भन्ने नै उनीहरूको वास्तविक परीक्षा हुनेछ।

भूमि प्रशासनसम्बन्धी सेवा एक .....

अधिकारको पूर्ण प्रयोग गर्न पाउनेछ। नागरिकलाई जग्गासम्बन्धी सेवा दिने भूमि प्रशासन तथा नापी कार्यालय नागरिकको थप निकट, सरल र सहज हुनेछन् भने अधिकारलाई केन्द्रमा सीमित गर्ने कानुनी प्रावधानहरू खुकुला हुँदै जानेछन् भन्ने नेपाल सरकारको विश्वास छ,' उनले भने।



